नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

(शैक्षिक सूचना तथा व्यवस्थापन शाखा)

सानोठिमी, भक्तपुर

प.स.: शै.सू.व्य. २०८१/८२

च.नं.: १८

मिति : २०८१।०६।३०

**विषय :शिक्षकको विवरण अद्यावधिक गर्ने गराउने सम्बन्धमा ।**

श्री स्थानीय तह

सबै ।

शैक्षिक बर्ष २०८१ को विद्यालय शिक्षासंग सम्बन्धित विवरण एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (Integrated Educational Management Information System-IEMIS) मा प्रविष्टि/अद्यावधिक गर्न सूचना प्रकाशित गरिएकोमा अधिकांश विद्यालयहरुले विद्यार्थीसंग सम्बन्धित विवरणमात्र प्रविष्टि/अद्यावधिक गरी र शिक्षक, भौतिक तथा व्यवस्थापकीय पक्षसंग सम्बन्धित विवरण पूर्णरुपमा अद्यावधिक नगरेको पाइएको छ। जसको कारण शिक्षक व्यवस्थापन, दरबन्दीको पुनःवितरण, दरवन्दी मिलान लगायतका कार्यमा कठिनाइ भै रहेको छ । तसर्थ दरबन्दी मिलान समेतको प्रयोजनका लागि सवै विद्यालयहरुलाई शिक्षक लगायत भौतिक र व्यवस्थापकीय पक्षसंग सम्बन्धित (IEMIS मा भएका सवै Information field हरु) विवरण तत्काल प्रविष्टि/अध्यावधिक गर्ने व्यवस्था मिलाउनु हुन अनुरोध छ।

स्थानीय तहवाट शिक्षक तलबभत्ता लगायत अन्य अनुदान विद्यालयलाई निकासा दिनुपूर्व IEMIS मा उक्त विवरण प्रविष्टि/अद्यावधिक भए/नभएको यकीन गरी तत्पश्चात् मात्र निकासा दिने व्यवस्था हुन र समयमा यथार्थ विवरण प्रविष्टि/अद्यावधिक नभएका कारण शिक्षक दरबन्दी मिलान एवम् तलबभत्ता भुक्तानीमा समस्या हुन गएमा सम्वन्धित विद्यालयको प्रधानाध्यापक नै जिम्मेवार हुने व्यहोरा सम्बन्धित विद्यालयहरुलाई जानकारी गराइदिनु हुन निर्देशानुसार अनुरोध छ ।

शुशिल पौडेल

तथ्यांक अधिकृत

वोधार्थ

श्री शिक्षा विकास निर्देशनालय

सवै प्रदेशः आवश्यक समन्वय एवम् सहजीकरणका लागि अनुरोध छ ।

श्री शिक्षा विकास तथा समन्वय इकाइ

सवै : विवरण प्रविष्टि वा सम्प्रेषण गर्ने कार्यमा आवश्यक समन्वय एवम् सहजीकरण गर्नु हुन ।

श्री विद्यालय (सबै) : उपरोक्तानुसार IEMIS मा भएका सबै Information field हरुको विवरण प्रविष्टि/अद्यावधिक गर्नुहुन ।